मोफसलको सर्वाधिक लोकप्रिय राष्ट्रिय दैनिक

# पूर्वाञ्चल

श्रीअन्नु प्रकाशन (प्रा.)लि.

२६ Purwanchal National Daily

◆ वर्ष : २६ ◆ अङ्क : ७९ ◆ पृष्ठ ४ ◆ बिर्तामोड ◆ वि.सं. २०७७ माघ २३ गते शुक्रवार (Friday, February 5. 2021) नेपाल सम्वत् ११४१ Web : www.purwanchaldaily.com ◆ मूल्य रु. : ५/- भारतमा भारु. : ४/-

**मन्टेश्वरी तालिममा भर्ना खुल्यो**

- मन्टेश्वरी तालिम लिन इच्छुक महानुभावहरुको लागि भर्ना खुलेको जानकारी गराउँदछौं ।
- यही मिति २०७७ माघ २५ गतेदेखि १ हप्ते, दुई हप्ते, एक महिने तथा ३ महिने कोर्षहरुमा मन्टेश्वरी तालिममा भर्ना खुलेको जानकारी गराउँदछौं ।

*नोटः यस स्कूलमा कक्षा PGमा नयाँ भर्ना खुलेको समेत जानकारी गराउँदछौं ।*

सम्पर्कः वेष्ट फ्युचर मन्टेश्वरी स्कूल एण्ड ट्रेनिङ्ग सेन्टर, बिर्तामोड, झापा

फोन नं. ०२३-५४२६४७, ९८४९२५९७२९, ९८४१८९७४४७

# बन्दमा तोडफोड, धरपकड र गोली चल्यो

**झापा, माघ २२।** सत्ता र कुर्सी प्राप्तिको चरम किचलोपछि पार्टी विभाजनमा पुगेको नेपाल कम्युनिष्ट पार्टी (नेकपा) को दाहाल-नेपाल समूहले विहीबार देशव्यापी आमहड्ताल गर्दै सरकारको बिरोध गरेको छ ।

दाहाल नेपाल समूहले आव्हान गरेको आमहड्तालका कारण धरपकड, आगजनी, तोडफोडका घटना देशभर घटेका छन् । दाहाल-नेपाल समूहले आव्हान गरेको देशव्यापी आमहड्तालले जनजीवन प्रभावित भएको छ । पहाडी तथा उपत्यकामा थोरै मात्रामा सार्वजनिक यातायातका साधन सञ्चालनमा आएको र अवरोध गर्न खोज्ने १ सय ५७ जना जनालाई पक्राउ गरिएको केन्द्रीय प्रहरी प्रवक्ता बसन्तबहादुर कुँवरले बताए ।

देशका विभिन्न ठाउँमा एक सरकारी गाडीसहित १४ वटा गाडीमा ढुङ्गा प्रहारबाट क्षति भएको जानकारी आएको प्रवक्ता कुँवरले बताए ।

दशक लामो माओवादी सशस्त्र हिंसा, त्यसले उत्पन्न गरेको प्रतिहिंसाबाट प्रताडित नेपालीले, मुलुक बल्ल स्थिरताको बाटोमा गयो होला भन्ने सोचेको बेला, सत्तारुढ नेकपाका दुई अध्यक्ष केपी ओली, पुष्पकमल दाहाल र माधव नेपालको कुर्सीका लागि भएको झगडाले मुलुकलाई फेरि बर्बादीको दिशामा पुऱ्याउने चिन्ता थपिएको नागरिक समाजका अगुवाले बताउँदै आएका छन् ।

**आम हड्तालको प्रभाव झापामा पनि**

नेपाल कम्युनिष्ट पार्टी (नेकपा) को दाहाल-नेपाल समूहका कार्यकर्ताले बिहानैदेखि झापाका बिभिन्न चोक-चोकमा प्रदर्शन गर्दै एउटा सवारीमा समेत तोडफोड गरेका छन् ।

नेकपाका कार्यकर्ताले देशव्यापी रुपमा आव्हान गरिएको बन्दको अवज्ञा गरेको भन्दै बिर्तामोडस्थित पश्चिम बस स्टेण्ड नजिकै एउटा सवारीमा तोडफोड गरेका हुन् । दाहाल नेपाल समूहका कार्यकर्ताले बिर्तामोडको पश्चिम बस स्टेन्ड नजिकै मे१च १९४२ नम्बरको कार तोडफोड गरेका हुन् ।

बन्दकर्ताहरुले रोक्न खोज्दा चालकले किच्न खोजेपछि गाडीमा तोडफोड भएको बताइएको छ । बन्दकर्ताले ढुंगा हानेपछि गाडी चालकले उत्रिएर हातपात गरेको जनाइएको



छ । घटनामा नेकपाका बिद्यार्थी नेता मदन भट्टराईको हातमा चोट लागेको छ ।

गाडी तोडफोड भएपछि प्रहरी टोली तत्काल घटनास्थलमा पुगेको थियो । बन्द गर्ने र गाडी चलाउनेबीचको असमझदारीले घम्साघम्सी भएको र आफूहरुले त्यसलाई मिलाएको जिल्ला प्रहरी कार्यालय झापाका प्रवक्ता राकेश थापाले बताए । नेकपाका कार्यकर्ताले बिहानैबाट सडकमा सवारी सञ्चालनमा रोक लगाएपछि यसको प्रभाव सर्वसाधारण र व्यवसायीमा समेत देखिएको थियो ।

बन्दका कारण झापामा बिहानैदेखि लामो तथा छोटो दूरीको सवारीसाधन सञ्चालनमा आउन सकेनन् । जसका कारण यात्रुहरू बीच बाटोमै अलपत्र परेका थिए । बिहान फाट्टफुट्ट चलेका निजी तथा सार्वजनिक सवारीका साधनलाई नेकपाका कार्यकर्ताले सडकमा अवरोध गरेपछि दिउँसोदेखि बन्द भएको थियो ।

बिहीबार झापाबाट सुनसरीको धरान घर हिँडेकी तुलसा ल्वागुनले अचानक बन्दको घोषणा हुँदाबीच बाटैमा अलपत्र परेको बताइन् । राजनीतिक स्वार्थका लागि गरिएको बन्द प्रति लक्षित गर्दै ल्वागुनले भनिन्- अब चुनाव आयो भन्छन्- आफूहरूलाई दुःख दिने कसैलाई पनि भोट दिन्नँ । 'भोटका लागि बन्द गरेका होलान्'- उनले भनिन्- 'अब भोट माग्न आए भने कसैलाई पनि भोट दिन्नँ ।'

## केन्द्रीय सदस्यको मृत्यु

**काठमाडौं, माघ २२।** नेपाल कम्युनिष्ट पार्टी नेकपाका केन्द्रीय सदस्य डाचाराम वाग्लेको सडक दुर्घटनामा मृत्यु भएको छ ।

सरकारबिरुद्ध आन्दोलन गरिरहेको नेकपाले २१ गते गरेको मशाल जुलुशबाट फर्कने क्रममा केन्द्रीय सदस्य एवम् सर्लाही जिल्ला इन्चार्ज वाग्लेको सडक दुर्घटनामा मृत्यु भएको हो ।

सर्लाही बरहथवा नगरपालिका-९को नयाँरोड-मधुवनी सडकखण्डको सोल्टीगेट नजिक सडकमा उनलाई मोटरसाइकलसहित लडिरहेको अवस्थामा अचेत भेटिएको प्रहरीले जनाएको छ ।

यसलाई नेकपाका कार्यकर्ताहरुले दुर्घटनामा मृत्यु भएको बताएका छन् । उनकै नेतृत्वमा साँझ मसाल जुलुस निकालेपछि फर्किन लागेका उनी मृत फेला परेका हुन् । टाउकोमा हेलमेट लगाइरहेको अवस्थामै चोट देखिएको भए पनि घटना शंकास्पद रहेको प्रहरीले जनाएको छ ।

सरकारसँग चित्त नबुझेको कुरा भए सरकारलाई दुःख दिनुपर्ने बताउँदै सर्वसाधारणले सरकारसँगको रिस आफूमाथि पोखेको भन्दै आक्रोश व्यक्त गरेका छन् । उनीहरूले आफूहरूलाई दैनिक गुजारा गरेर खान दिन पनि आग्रह गरेका छन् ।

प्रदर्शनकारीले अवरुद्ध गरेको सडक प्रहरीले खुलाउन प्रयत्न गरे पनि नसकेको बताइएको छ । नेकपाका कार्यकर्ताले सडकमा सरकारविरुद्ध नाराबाजी र असंवैधानिक कदम सच्याउन माग गरेका छन् । कोभिड महामारीका कारण लामो समयसम्म मुलुकमा लकडाउन गरिएको र लगत्तै

*(बाँकी अन्तिम पृष्ठमा)*

# क्यान्सर न्यूनीकरणका लागि ५ बुँदे घोषणा



**बिर्तामोड, माघ २२।** क्यान्सर रोग न्यूनीकरणका लागि झापाका सरकारी र निजी क्षेत्रका संघ-संस्थाले ५ बुँदे घोषणा-पत्र जारी गर्दै क्यान्सर रोगबिरुद्धको दिवस मनाएका छन् ।

विश्वमा क्यान्सर रोगीको संख्या दिनप्रतिदिन बढ्दै गएको र नेपाल जस्तो विकासशील देशमा समेत क्यान्सर रोगको अवस्था भयावह बन्दै गएको चिकित्सकहरुले बताएका छन् । क्यान्सर रोग न्यूनीकरण गर्न निजी र सरकारी क्षेत्र हातेमालो गरेर अगाडि बढ्नुपर्नेमा उनीहरुले जोड दिए । विश्व क्यान्सर दिवसको अवसरमा पूर्वाञ्चल क्यान्सर अस्पताल बिर्तामोडले विहीवार आयोजना गरेको क्यान्सर रोकथाम तथा नियन्त्रणमा सरोकारवाला निकायको भूमिका विषयक अन्तरक्रिया कार्यक्रममा सहभागीहरुले हातेमालो गर्न सामुहिक प्रतिबद्धता जनाएका हुन् ।

झापामा सचेतनामूलक कार्यक्रम सञ्चालन गर्ने, वातावरण स्वच्छताको विषयमा कार्यक्रम सञ्चालन गर्ने, क्यान्सर रोगविरुद्धको विषयमा प्रचारप्रसार गर्ने, पूर्वाञ्चल क्यान्सर अस्पतालसँग मिलेर स्वास्थ्य शिविर सञ्चालन गर्ने र झापामा क्यान्सर रोगीको संख्या न्यून बनाउन सबैसँग हातेमालो गर्दै अगाडि बढ्ने प्रतिद्धता व्यक्त गरिएको छ ।

अन्तरक्रिया कार्यक्रममा बोल्दै स्वास्थ्य कार्यालयका अधिकृत जीवन चम्लागाँईले झापामा क्यान्सर रोगीको अवस्था दिनप्रतिदिन बढ्दै गएको र देशकै उच्च संख्यामा क्यान्सर रोगी झापामा रहेको तथ्यांक प्रस्तुत गरे । उनले गत आर्थिक बर्ष २०७६/०७७मा १३ सय २१ जनाले क्यान्सर रोगको उपचारका लागि सिफारिस लिएको बताए । उनले सिफारिस नलिने क्यान्सर रोगी पनि धेरै रहेकाले यसको यकिन तथ्यांक भने आउन नसकेको उल्लेख गरे । क्यान्सर रोगविरुद्ध सचेतना नै मुख्य विषय बन्ने उनले बताए ।

बिर्तामोड नगरपालिकाका स्वास्थ्य शाखा प्रमुख तुलसी पोखरेलले बिर्तामोडको वातावरण स्वच्छताको विषयमा अस्पतालसँग मिलेर कार्यक्रम सञ्चालन गर्ने प्रतिबद्धता जनाए । उनले क्यान्सर रोगविरुद्धका निःशुल्क स्वास्थ्य शिविरका कार्यक्रमलाई समेत प्राथमिकता राख्ने उल्लेख गरे ।

नेपाल पत्रकार महासंघ झापाका अध्यक्ष तारामणि सापकोटाले झापामा क्यान्सर रोग दिनप्रतिदिन बढ्दै जानु राम्रो संकेत नभएको उल्लेख गरे । उनले स्थानीय तहलाई कानून बनाएर क्यान्सर रोग लाग्ने मादक पदार्थ, सूर्तीजन्य पदार्थ निषेधित क्षेत्र घोषणा गर्न आग्रह गरे । उनले सञ्चार जगतले स्वास्थ्यका विषयलाई प्राथमिकताका साथ प्रचारप्रसार गर्ने प्रतिबद्धता समेत जाहेर गरे ।

वीरता लेडी जेसीजकी अध्यक्ष स्वस्तिका आचार्यले झापामा पाठेघरको क्यान्सर र स्तन क्यान्सरका विरामी धेरै रहेकाले महिला केन्द्रित सचेतनामूलक कार्यक्रमलाई प्राथमिकताका साथ अगाडि बढाउने प्रतिबद्धता जनाइन् ।

रोट्याक मिडटाउन बिर्तामोडकी भाइस प्रेसिडेन्ट सालू कोइरालाले पूर्वाञ्चल क्यान्सर अस्पतालसँग सहकार्य गर्दै सचेतनामूलक कार्यक्रम सञ्चालन गर्ने बताइन् । उनले महिलाहरुले रोगलाई लुकाउने गरेका कारण पाठेघर र स्तनका क्यान्सरका विरामी बढेको र उनीहरुलाई सचेतनाको आवश्यकता रहेको उल्लेख गरिन् ।

कार्यक्रममा पूर्वाञ्चल क्यान्सर अस्पतालका मेडिकल डाइरेक्टर डा. वीरेन्द्रप्रसाद यादवले पूर्वाञ्चल क्यान्सर अस्पतालमा एक बर्षको अवधिमा उपचारका

*(बाँकी अन्तिम पृष्ठमा)*

# विदेश जानेको स्वास्थ्य जाँच्ने १० संस्था खारेज

**बिर्तामोड, माघ २२।** श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले वैदेशिक रोजगारमा जाने कामदारको स्वास्थ्य परीक्षण गर्ने १० वटा स्वास्थ्य संस्थालाई खारेज गरेको छ ।

मन्त्रालयले मन्त्रीस्तरीय निर्णयबाट बैदेशिक रोजगारमा जाने कामदारको स्वास्थ्य परीक्षण गर्ने संस्थाको सूचीकरण खारेज गरेको हो । त्यसरी सूचीकरण खारेजीमा परेका संस्थाहरुमा झापाको गोदाबारी डाइग्नोष्टिक सेन्टर

*(बाँकी अन्तिम पृष्ठमा)*

## श्याम फुड एण्ड वेभरेजमा आगलागी



**झापा, माघ २२।** झापाको बिर्तामोड-२मा सञ्चालनमा रहेको श्याम फुड एण्ड वेभरेज प्रालिमा आगलागी भएको छ ।

आगलागीका कारण १० करोड मूल्य वरावरको क्षति भएको बताइएको छ । प्रालिले कुरमुरे, चिजवल लगायतका खाद्यान्न उत्पादन गर्दै आएको थियो । विद्युत् सट भएर भएको आगलागीका कारण श्याम फुड प्रालिद्वारा सञ्चालित फ्याक्ट्री पूर्ण रुपमा जलेर नष्ट भएको उद्योगका कर्मचारी गंगा अधिकारीले जानकारी दिए ।

वुधवारराति सवा ११ बजेदेखि उद्योगमा लागेको आगो बिहान मात्रै नियन्त्रणमा आएको थियो । आगलागी बिर्तामोड, भद्रपुर, दमक र मेचीनगरका वरुणयन्त्रसहित स्थानीयवासी, प्रहरीको सक्रियतामा नियन्त्रणमा लिइएको थियो ।

**फ्ल्याट भाडामा**

बिर्तामोडस्थित अन्धुवा पुल छेउ (दक्षिण), हाइवेमा रहेको घर, पहिलो तला १२०० sqft भएको, बैंक तथा वित्तीय संस्थाको लागि उपयुक्त तथा सोही घरको दोस्रो र तेस्रो तला ६०० sqft भएको अफिस प्रयोजनको लागि उपयुक्त फ्ल्याट भाडामा छ ।

**सम्पर्कः ९८२५९४७२७७**

**सूचना**

**२०७५ साल भदौ १ गतेदेखि लागू भएको अपराध संहितामा रहेका मुख्य व्यवस्थाहरुः**

- छाउपडीमा राख्ने वा त्यस्तो अन्य भेदभाव, छूवाछुत र अमानवीय व्यवहार गर्नेलाई तीन महिनासम्म कैद वा तीन हजार रुपैयाँसम्म जरिवाना वा दुबै सजाय हुने ।
- विवाहमा लेनदेन गर्ने तथा दाइजो नदिएको कारण सताउनेलाई पाँच बर्षसम्म कैद वा पचास हजार रुपैयाँसम्म जरिवाना वा दुबै सजाय हुने ।
- आफ्नो संरक्षकत्वमा रहेका नवजात शिशु, बालबालिका, अशक्त रोगी वा बृद्ध व्यक्तिलाई फाल्ने, परित्याग गर्ने वा वेवास्ता गरी छोड्नेलाई तीन बर्षसम्ममा कैद र तीस हजार रुपैयाँसम्म जरिवाना हुने ।
- मञ्जुरी बिना भएको विवाह, हाडनातामा भएको विवाह, बाल विवाह, बहुविवाह स्वतः बदर हुने ।

**नेपाल सरकार**
**सञ्चार तथा सूचना प्रविधि मन्त्रालय**
**सूचना तथा प्रशारण विभाग**

कश्यप गोत्रीय अधिकारी बंश प्रतिष्ठान, नगर समिति, बिर्तामोड झापाको

**साधारणसभामा उपस्थित हुने बारे सूचना**

मितिः २०७७/१०/२१

यस कश्यप गोत्रीय अधिकारी बंश प्रतिष्ठान विर्तामोड नगर समिति झापाको पांचौ बार्षिक साधारणसभा तथा चौथो अधिवेशन तपशिल बमोजिमको मिति, समय र स्थानमा हुने कुरा सम्पूर्ण कश्यप गोत्रीय अधिकारी बन्धुहरुमा जानकारी गराउँदछौ । साथै पत्र पठाई सकिएको हुँदा कारणबश प्रत्र प्राप्त नभएमा यसै सूचनालाई आधारमानी उपस्थित भई दिनु हुन हार्दिक अनुरोध गरिन्छ ।

**तपशिल**
मिति : २०७७/१०/२४ गते शनिवार
समय : विहान १०:०० बजे
स्थान : विर्तामोड-६, बुट्टाबारी झापा (कश्यप गोत्रीय अधिकारी वंश प्रतिष्ठान विर्तामोड-६मा रहेको आफ्नै जग्गामा कार्यक्रम आयोजना गरिएको छ ।
**सम्पर्कः ९८०२७७४०९५, ९८५२६८१२५६**

**कश्यप गोत्रीय अधिकारी बंश प्रतिष्ठान**
बिर्तामोड नगर समिति, झापा

**पायल्स तथा फिस्टुला समस्याको छारसूत्र विधिबाट सफल उपचार !**

काठमाडौंबाट आउनु हुने डाक्टरद्वारा माघ २४ गते शनिबारका दिन पायल्स, फिस्टुला, फिसर, दिशाबाट रगत जाने, पीप देखिने, मलद्वार चिलाउने, मलद्वार बरिपरि घाउ हुने, कब्जियत, मासू पलाएको, त्यस्तै ग्याष्ट्रिक, गानोगोला, अल्सरको उपचार हुने भएकोले विरामी वर्गले अग्रिम नाम दर्ता गराउन सक्नुहुनेछ ।

**माता मनकामना आयुर्वेद क्लिनिक**
अन्दुवा पुल पूर्व दक्षिण, निलो सिसा भएको घर,
बिर्तामोड, झापा (०२३-५४४५३८, मो. ९८४२७५७६०४)

**बिर्ता आयुर्वेद एण्ड फिजियोथेरापी सेन्टर, अष्टाङ्ग आयुर्वेद फार्मेसी**

दैनिक डाक्टरबाट OPD, पायल्स, फिसर, फिस्टुलाको क्षारसुत्र विधिद्वारा उपचार हाडजोर्नी, नशा, पारालाइसिस, मसाजद्वारा उपचार । **सम्पर्क : ९८०६०००३१३/०२३-५९०१६६**

**VACANCY ANNOUNCEMENT**

Mahendra Purifier Pvt. Ltd. is looking for a competent, committed, self motivated and enthusiastic people for following position:

**Relationship Manager:-**
Salary : 21,000+3,000/- (Negotiable)
No. Of Vacancy : 4
Job Description : Sales & Marketing
Qualification : Bachelor Degree
Experience : Minimum 3 Years
Location : Birtamode & Chandragadhi

**Senior Sales Officer:-**
Salary : 18,000+2,000/- (Negotiable)
No. Of Vacancy : 8
Job Description : Sales & Marketing
Qualification : Minimum Bachelor Degree or Equivalent
Experience : Minimum 1 Year
Location : Birtamode & Chandragadhi

**Sales Officer:-**
Salary : 14,600+2,000/- (Negotiable)
No. Of Vacancy : 12
Job Description : Sales & marketing
Qualification : Minimum Intermediate Level or equivalent
Experience : Fresher are Welcome
Location : Birtamode & Chandragadhi

*Interested candidates may apply with recent passport size photograph and CV mentioning the position applied.*
**DEADLINE:** 7th FEBRUARY

**MAHENDRA PURIFIER PVT. LTD.**
Hetauda -5, Bhairab Road - Hetauda Complex
Contact No: 057-525904, 9801558301
Mail id: hr@mahendrapurifier.com
Web: www.mahendrapurifier.com
**Our Branches:-**
Chinari Suppeliers, Birtamode: 9823036007
Jhapali Purifier Kendra, Chandragadhi: 9852676870

# बाल अधिकार र संरक्षणमा स्थानीय सरकार संवेदनशील हुनुपर्नेमा जोड



**बिर्तामोड, माघ २२।** बाल अधिकारको सुनिश्चितता र बाल संरक्षणमा स्थानीय सरकार सचेत र संवेदनशील हुनुपर्नेमा सरोकारवालाले जोड दिएका छन् ।

बाल बचाउ, बाल संरक्षण, बाल विकास र बाल सहभागिताको सुनिश्चितता गरेर हरेक स्थानीय सरकारले बालमैत्री वातावरण तयार गर्नुपर्नेमा उनीहरुको जोड थियो । बिहीबार बिर्तामोडमा 'स्थानीय तहमा बाल अधिकार एवम् बाल विकासका सन्दर्भमा स्थानीय सरकारको भूमिका' विषयमा भएको छलफलमा सहभागीहरुले त्यस्तो बताएका हुन् ।

छलफलको सहजीकरण गर्दै दुई दशकदेखि बाल अधिकारका क्षेत्रमा क्रियाशील नेतृ किडपावर नेपालकी अध्यक्ष सुष्मा पोखरेलले हरेक बालबालिकाले सुरक्षित वातावरणमा हुर्किन र विकास हुन पाउनुपर्ने बताइन् । बाल अधिकार र उनीहरुको सुरक्षाका लागि स्थानीय सरकारको भूमिका महत्वपूर्ण हुने बताउँदै पोखरेलले सबै बालबालिकामा बाल अधिकार सुनिश्चितताको प्रत्याभूति गराउनुपर्ने उल्लेख गरिन् । उनले बालबालिकालाई सुरक्षा सम्बन्धी विभिन्न सिप पनि सिकाएकी थिइन् ।

भद्रपुर, बिर्तामोड र कनकाई नगरपालिका तथा हल्दिबारी र कमल गाउँपालिकाबाट प्रतिनिधित्व गरी आएका बालबालिकाका नेताले बाल अधिकारबारे अझै पनि बालबालिका प्रष्ट हुन नसकेकाले यसबारे अभियान सञ्चालन गर्नुपर्नेमा जोड दिए । उनीहरुले बालश्रम, बाल विवाह, बालबालिकामाथि हुने सबैखाले हिंसा अपराध भएकाले त्यस्ता अपराध निर्मुल गर्न स्थानीय सरकारसहित सबै सरोकारवालाले ध्यान दिनुपर्ने बताए ।

बालबालिका भविष्यका कर्णधार मात्र नभएर वर्तमानका साझेदार समेत भएका नाताले उनीहरुको बचाउ, संरक्षण, विकास र सहभागिता महत्वपूर्ण हुने सुझाइएको छ । बालबालिका तथा शिक्षा सञ्चार मञ्च झापाका संयोजक सरोज पौडेलले छलफलमा सह-सहजकर्ताको भूमिका निर्वाह गर्दै बाल अधिकारको सुनिश्चितताका लागि बालमैत्री वातावरण तयार गर्न स्थानीय सरकार जिम्मेवार हुनुपर्नेमा जोड दिए ।

सञ्चारकर्मी तथा मञ्चका सदस्यहरु उमानाथ भण्डारी, सृजन घिमिरे, नेत्रविक्रम विमली, मनकामनाका प्रधानाध्यापक केशव ढुंगानाले बालबालिकालाई अवसर दिएर सक्षम बनाउनुका साथै बाल क्लवको सक्रियता र सुदृढीकरणमा जोड दिए । विभिन्न बाल क्लव तथा सञ्जालको प्रतिनिधित्व गर्दै कनकाईका खेमराज चापागाँई, भद्रपुरकी भावना पोखरेल, हल्दिबारीका राज अधिकारी, ग्लोरी बाल क्लवकी रक्षा बजगाँई, कमलकी प्रितिका सुवेदी, वीर अमरसिंह माविका नयन सिटौला, उज्यालो इडन बाल क्लवकी रत्ना राजवंशी लगायतले आफ्नो क्षेत्रमा बाल अधिकारका विषयमा भएका कामको अनुभव आदान-प्रदान गरेका थिए ।

संवाद समूहले संयोजन गरेको छलफलको औचित्यमाथि अधिवक्ता खगेन्द्र खरेलले प्रकाश पारेका थिए ।

## होटल सञ्चालकलाई खाद्य स्वच्छता तालिम



**झापा, माघ २२।** खाद्य प्रविधि तथा गुण नियन्त्रण डिभिजन कार्यालय झापाको आयोजनामा होमस्टे तथा होटल, रेष्टुरेन्ट, क्यान्टिन सञ्चालकहरुका लागि खाद्य स्वच्छता सम्बन्धी दुई दिने तालिम बिर्तामोडमा सम्पन्न भएको छ ।

बिर्तामोड-५का वडाध्यक्ष राजेन्द्रप्रसाद लिङ्देनले प्रमुख अतिथिको भूमिकाबाट उद्घाटन गरेको उक्त तालिम बिहीवार सम्पन्न भएको हो । कार्यालयका खाद्य अनुसन्धान अधिकृत भरतबहादुर पुरीको अध्यक्षतामा भएको तालिममा बिर्तामोडका होटल व्यवसायमा संलग्न ३५ जनाको सहभागिता थियो ।

तालिममा होटलको भान्सामा उत्पादित खाद्यवस्तुको गुणस्तर कसरी कायम गर्ने तथा सरसफाई लगायत कानूनतः पालना गर्नुपर्ने मापदण्डको बारेमा प्रशिक्षण दिइएको थियो ।

खाद्य अनुसन्धान अधिकृत पुरी र खाद्य निरीक्षक बिमल भट्टराईले प्रशिक्षण प्रदान गरेको तालिममा खाद्य पदार्थको गुणस्तर र सरसफाईमा विशेष ध्यान दिन होटल सञ्चालकहरुलाई आग्रह गरिएको थियो । तालिमको उद्घाटन तथा समापन समारोहको सञ्चालन होटल व्यवसायी संघका शिव पौडेलले गरेका थिए ।

खाद्य प्रविधि तथा गुण नियन्त्रण डिभिजन कार्यालय झापाको स्थापनापछि खाद्य स्वच्छतामा विशेष जोड दिँदै सचेतना, अनुगमन तथा कार्वाही अभियानलाई तीव्र पारिएको छ ।

## सवारी दुर्घटना एक जनाको मृत्यु

**झापा, माघ २२।** झापाको शिवसताक्षी नगरपालिका-९ दूधेमा बसले मोटरसाइकललाई ठक्कर दिँदा मोटरसाइकल चालकको मृत्यु भएको छ ।

बुधवार पश्चिमबाट पूर्वतर्फ जाँदै गरेको मे१ख १९८० नम्बरको बसले बिपरीत दिशाबाट आउँदै गरेको बा ५६ प २९५८ नम्बरको मोटरसाइकललाई ठक्कर दिँदा घाइते भएका मोटरसाइकल चालक शिवसताक्षी नगरपालिका-११का ४१ बर्षीय पूर्णकुमार कडरियाको झापाको बीएण्डसी अस्पतालमा उपचारको क्रममा मृत्यु भएको इलाका प्रहरी कार्यालय अनारमनीले जनाएको छ ।

## कुटपिट र अपहरण गरी भागेका दुई जना कारागार चलान

**झापा, माघ २२।** कुटपिट अंगभंग मुद्दाका फरार प्रतिबादी कारागार चलान भएका छन् ।

जिल्ला प्रहरी कार्यालय झापा र इलाका प्रहरी कार्यालय दमकबाट खटिएको प्रहरी टोलीले कुटपिट अंगभंग मुद्दाका फरार प्रतिवादी दमक नगरपालिका-३ बस्ने सुनिता राईलाई विहीवार पक्राउ गरेको हो ।

उनलाई सम्मानित अदालतले दुई बर्ष कैद र एक लाख रुपैयाँ जरिवाना गर्ने फैसला गरेको थियो । पक्राउ परेकी राईलाई फैसला कार्यान्वयनका लागि कारागार पठाउने प्रहरीले जनाएको छ ।

त्यस्तै मानव अपहरण तथा शरीरबन्धक, जवरजस्ती चोरी मुद्दाका फरार अभियुक्त उर्लाबारी-५ निवासी राजेश लिम्बूलाई प्रहरीले पक्राउ गरेको छ ।

बिर्तामोड-६ निवासी २७ बर्षीय विशाल ढुंगेल आफूलाई भारतको पानीट्यांकी लगी मुखमा पट्टी बाँधी कुटपिट गरी निजसँग भएको नगद तथा मोवाइल खोसेर फरार भएको भन्ने उजुरीको आधारमा लिम्बूलाई पक्राउ गरेको प्रहरीले जनाएको छ ।



लिम्बूलाई ०७३ माघ ५ गतेको झापा जिल्ला अदालतले सात बर्ष कैद र ५० हजार रुपैयाँ जरिवाना गर्ने फैसला गरेको थियो ।

पक्राउ परेका लिम्बूलाई फैसला कार्यान्वयनका लागि सम्मानित जिल्ला अदालत भद्रपुरमा उपस्थित गराई पीसीआर टेष्टपछि जिल्ला कारागार चन्द्रगढी पठाइने प्रनाउ राकेश थापाले जानकारी दिए । लिम्बूलाई इलाका प्रहरी कार्यालय उर्लाबारीको समन्वय तथा इप्रका काँकरभिट्टाको सहयोगमा पक्राउ गरिएको प्रहरीले जनाएको छ ।

## कक्षा ११ र १२ को पाठ्यक्रमको समस्या समाधान

**काठमाडौं, माघ २२।** पाठ्यक्रम विकास परिषद्को बैठकले माध्यमिक तहमा गणित विषय अनिवार्य नहुँदा विद्यार्थीले उच्च शिक्षामा अवसर प्राप्त गर्न नसक्ने अवस्थालाई मनन गरी गणितलाई अनिवार्य गरेको छ ।

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले कक्षा ११ र १२ मा देखिएको विषयगत समस्या समाधान गर्ने क्रममा शिक्षामन्त्री कृष्णगोपाल श्रेष्ठका अध्यक्षतामा बसेको बैठकले सो निर्णय गरेको हो । केन्द्रले सर्वोच्च अदालतको निर्देशात्मक आदेश र विगतमा गणित विषयको अध्ययन गर्न गठित कार्यदलको सिफारिससमेतका आधारमा कक्षा ११ र १२ मा भर्ना हुने विद्यार्थीलाई गणित पढ्ने अवसर उपलब्ध गराउन हालको संरचनामा अनिवार्य सामाजिक अध्ययन तथा जीवनोपयोगी शिक्षा विषय वा गणित पढ्न पाउने व्यवस्था गरेको हो । निर्णयमा अनिवार्य विषयका रूपमा गणित अध्ययन गर्ने विद्यार्थीले ऐच्छिक विषयका रूपमा सामाजिक अध्ययन तथा जीवनोपयोगी शिक्षा र अनिवार्य विषयका रूपमा सामाजिक अध्ययन तथा जीवनउपयोगी शिक्षा विषय अध्ययन गर्ने विद्यार्थीले ऐच्छिक विषयका रूपमा गणित अध्ययन गर्न सक्ने व्यवस्था गरेको छ ।



## क्यान्सर ...

लागि आएका बिरामीको अवस्था र तथ्यांक प्रस्तुत गरेका थिए । झापामा दिनप्रतिदिन क्यान्सर रोगी बढ्नु चिन्ताको विषय भएको उनले बताए । शारीरिक व्यायाम र खानपानमा ध्यान नदिँदा शहरी क्षेत्रमा दिनानुदिन क्यान्सरका रोगीहरु बढ्दै गएको उनले बताए ।

कार्यक्रममा स्त्री रोग विशेषज्ञ डा. प्रियंका कटुवालले महिलामा हुने क्यान्सरको बारेमा तथ्यांक प्रस्तुत गरेकी थिइन् । उनले पाठेघरको क्यान्सर महिलाका लागि जोखिमयुक्त भएको उल्लेख गरिन् ।

पूर्वाञ्चल क्यान्सर अस्पतालकी अध्यक्ष इन्दिरा गिरीको अध्यक्षतामा भएको कार्यक्रममा कार्यकारी निर्देशक दुर्गा प्रसाईले क्यान्सर रोग लाग्दा आफूले भोग्नु परेको अवस्थाको बारेमा प्रकाश पारेका थिए । कार्यक्रमको सञ्चालन पूर्वाञ्चल क्यान्सर अस्पतालका जनसम्पर्क अधिकारी प्रमिश गिरीले गरेका थिए ।

## बन्दमा ...

सत्ताको लडाइँले पुनः बन्दको आव्हान गरिएको भन्दै व्यवसायी तथा सर्वसाधारणले बन्दको विरोध गरेका छन् ।

अटो व्यवसायी पुण्यप्रसाद संग्रौलाले आफूहरू पीडामा रहेका बेला नेताहरू हालखबर समेत सोध्न नआएकोमा आक्रोश पोखे । ८ महिना लकडाउन हुँदा कुनै नेता सडकमा हाम्रा पीडा बुझ्न आए ?- उनले आक्रोशित हुँदै भने- अनि उनीहरूका लागि हामीले लडेर बन्द गर्नुपर्ने ?'

आम हड्तालका कारण विहीवार बजार तथा विद्यालय पूर्ण रूपमा बन्द भए । झापाका मुख्य शहरहरू बिर्तामोड, दमक, काँकरभिट्टा लगायतका राजमार्गमा नेकपा प्रचण्ड-नेपाल समूहका कार्यकर्ताले सवारी साधन सञ्चालनमा अवरोध गरेका थिए ।

नेकपाभित्रको आन्तरिक विभाजनका कारण बन्द हड्ताल फेरि शुरु भएसँगै कतिपयले तेस्रो जनआन्दोलनको सूचकको रूपमा पनि यसलाई हेरेका छन् । सर्वसाधारणले सरकारले मुलुकमा अराजकता बढाएको भन्दै सरकारलाई संयम भएर सबैको माग सम्बोधन गर्नसमेत आग्रह गरेका छन् ।

**मोरङमा ६ जना पक्राउ**

आमहड्तालमा उत्रिएका नेकपा दाहाल-नेपाल समूह मोरङ संघर्ष समिति सह-संयोजक पारुल क्षेत्रीसहित ६ जनालाई प्रहरीले नियन्त्रणमा लिएको छ ।

सरकारी गाडी तोडफोड र बन्द गराउँदै हिँडिरहेको अवस्थामा क्षेत्रीसहित संगम चौधरी, शारदा मैनाली, मिरा दाहाल पोखरेललगायतलाई बिराटनगरस्थित तीनपैनी चोकबाट प्रहरीले पक्राउ गरेको हो ।

बा१झ ९११८ नम्बरको सरकारी गाडीमा ढुंगा प्रहार गरी तोडफोड गरेको आरोपमा उनीहरुलाई पक्राउ गरिएको मोरङ प्रहरीका डीएसपी मानबहादुर राईले बताए ।

**जनकपुरमा गोली चल्यो, ११ जना घाइते**

नेकपा दाहाल नेपाल समूहले आह्वान गरेको बन्दका क्रममा धनुषाको शिवचोकमा प्रदर्शनकारी र प्रहरीबीच झडप भएको छ । झडपमा प्रहरीले गोली समेत चलाएको छ ।

शिवचोकमा बन्दकर्ताले गाडी चल्न नदिएपछि प्रहरीले खुलाउने क्रममा झडप हुँदा प्रहरीले हवाइ फायर गर्नुपरेको प्रहरीले जनाएको छ । बन्दकर्ताले प्रहरीकै गाडीमा समेत तोडफोड गरेपछि हवाइ फायर गरिएको प्रहरीको दावी छ ।

प्रदर्शनकारीलाई नियन्त्रणमा लिन केही राउण्ड हवाइफायर, अश्रुग्यास र गोली समेत चलाउनु परेको प्रहरीको भनाइ छ । लाठीचार्जका क्रममा नेकपाको दाहाल-नेपाल समूहका नेता रामचन्द्र झासहित ११ जना र केही प्रहरी समेत घाइते भएको बताइएको छ ।

**बन्दको अवज्ञा गरेको भन्दै चार ट्रकमा तोडफोड**

नेपाल कम्युनिष्ट पार्टी (नेकपा) प्रचण्ड-नेपाल समूहले आयोजना गरेको बन्दका क्रममा सञ्चालन गरेको भन्दै बन्दकर्ताले चार ट्रकमा तोडफोड गरेका छन् । जिल्ला प्रहरी कार्यालयका अनुसार काठमाडौँबाट नारायणगढतर्फ आउँदै गरेका दुइ र वीरगञ्जबाट पोखरातर्फ जाँदै गरेको एउटा ट्रक तोडफोड गरेका हुन् ।

बन्दकर्ताले ना३ख ३९३, ना१क १४३५ र ना८ख ४४८० नम्बरको ट्रक तोडफोड गरेको प्रहरीले जनाएको छ । मोटरसाइकलमा आएका बन्द कर्ताले भरतपुर महानगरपालिका-१ भतेरीमा ट्रक तोडफोड गरेका हुन् । यस्तै टाँडीबाट नारायणगढतर्फ आउँदै गरेको ना४ख ८८५५ नम्बरको मालबाहक ट्रकलाई भरतपुर महानगरपालिका-१२ मिलनचोकमा तोडफोड गरेको प्रहरीले जनाएको छ ।

**धरानमा प्रदर्शनकारी र मजदुरबीच झडप**

प्रर्दशनकारी र मजदुरबीच सुनसरीको धरानमा बन्दको विषयलाई लिएर विहीवार बिहान झडप भएको छ ।

धरानमा बन्द गराउँदै हिँडेका प्रदर्शनकारी र मजदुरबीच झडप भएको हो । धरानस्थित भानु चोकमा मजदुर र बन्दकर्ताबीच सामान्य झडप भएको प्रहरीले जनाएको छ ।

जिल्ला प्रहरी कार्यालय सुनसरीका प्रहरी उपरीक्षक कमल थापाका अनुसार केही समय विवाद भए पनि पछिल्लो समय अवस्था सामान्य छ । धरानमा नै सवारी साधनमाथि ढुङ्गा प्रहार गरेको आरोपमा प्रहरीले एकजनालाई नियन्त्रणमा लिएको उनले बताए । धरानमा अहिले सार्वजनिक सवारी साधन सञ्चालनमा नरहेको उनले बताए ।

**सडकमै भात**

प्रचण्ड-माधव नेपाल समूहले गरेको आम हड्तालका क्रममा नेकपाका नेता तथा कार्यकर्ताले सडकमा नै भात पकाएर खाएका छन् ।

संवैधानिक निकायहरुमा भएको नियुक्तिको विरोधमा नेपाल बन्द आह्वान गरिएको थियो । कोटेश्वर चोकमा बिहानैदेखि जम्मा भएका प्रदर्शनका क्रममा सडकमै भात पकाएका हुन् ।

**प्रदर्शन चलिरहेका वेला नेपाली सेनाको वक्तरवन्द गाडी...**

नेकपा प्रचण्ड-माधव समूहको प्रदर्शन चलिरहेका बेला नेपाली सेनाको हतियारसहितको बख्तरबन्द गाडी गुडेको छ । ओली समूहले समेत आमहड्तालविरुद्ध प्रदर्शन गरिरहेका बेला सेनाको बख्तरबन्द गुडेपछि प्रदर्शनकारी तितरवितर भएका थिए ।

नेपाली सेनाको जंगीअड्डाका सहायक प्रवक्ता पदम बुढाका अनुसार बख्तरबन्द गाडीको नियमित अभ्यास चलिरहेको छ र धनगढीमा आइपुग्नु संयोग मात्रै हो ।

सैनिक सूचना तथा जनसम्पर्क निर्देशनालयका महासेनानी बुढाका अनुसार १९ र २१ माघमा सेनाले बख्तरबन्द गाडीको नियमित अभ्यास गरेको थियो । सोही अनुसार नेपालगञ्जबाट फर्किएको बख्तरबन्द गाडी र प्रदर्शनकारीबीच धनगढीमा जम्काभेट भएको उनले बताए । बिहीबार सेनाको अभ्यास सकिएको छ ।

## विदेश ...

प्रालिसहितका संस्थाहरु रहेका छन् ।

झापाकै कनकाई डाइग्नोष्टिक प्रालिको सूचीकरण पनि खारेज भएको छ । त्यस्तै काठमाडौंको सुधा हेल्थ एण्ड मेडिकल सेन्टर, साउदी-नेपाल मेडिकल सेन्टर, पर्फेक्ट डाइग्नोष्टिक सेन्टर, मेट्रोल-काठमाडौं अस्पताल, रिलायवल मेडिकल सेन्टर, ललितपुरको अल्का अस्पताल, अल्का पोलिक्लिनिक, धनुषाको अनुरोध पोलिक्लिनिक एण्ड डाइग्नोष्टिक सेन्टरको समेत सूचीकरण खारेज भएको मन्त्रालयले जनाएको छ ।

सूचीकरण खारेजीमा परेका स्वास्थ्य संस्थाहरुलाई आफ्नो धरौटी रकम फिर्ता लिन समेत मन्त्रालयले सूचीत गरेको छ । समयमा नवीकरण नगरेको र ति संस्थाले पेश गरेको सफाई समेत सन्तोषजनक नदेखेको हुँदा बैदेशिक रोजगार नियमावली तथा वैदेशिक रोजगारमा जाने कामदारको स्वास्थ्य परीक्षण गर्ने स्वास्थ्य संस्था सूचीकरण नवीकरण तथा अनुगमन सम्बन्धी कार्यविधि अनुसार उक्त कार्वाही गरिएको मन्त्रालयले जनाएको छ ।

विशेषज्ञ समितिको सिफारिसको आधारमा मन्त्रालयले ति संस्थाको सूचीकरण खारेज गरेको बताइएको छ ।


## कृषि बजार व्यवस्थापन समिति बिर्तामोड-५, झापाको सूचना

मितिः २०७७।११।२२

नेपाल सरकार खाद्य तथा कृषि बजार सेवा विभागको नाममा दर्ता रहेको कृषिथोक बजारले उपभोग गरेको जग्गामध्ये सो जग्गाको पश्चिम दक्षिणतर्फको गेट पूर्व र पश्चिमको केही जग्गामा जग्गाको स्वामित्वको बारेमा मुद्दा चली २०६३।११।०६ गतेका दिन सम्मानित सर्वोच्च अदालतबाट कृषि बजार सेवा विभागको पक्षमा फैसला समेत भएकाले उल्लेखित जग्गामा कृषि थोक बजार व्यवस्थापन समितिको सहमति वेगर व्यापार, व्यवसाय गरिरहेका व्यापारीहरुलाई आजका मितिले ३५ दिनभित्र जग्गा खाली गरी मुद्दा फैसला भएको मिति २०६३।११।०६ गतेदेखि आजसम्मको जग्गाको भाडासमेत थोक बजारको नियम अनुसार बुझाउनका लागि २०७७।१०।२२ गतेको बजार व्यवस्थापन समितिको निर्णय अनुसार जानकारी गरिन्छ ।

कृषि बजार व्यवस्थापन समिति, बिर्तामोड-५, झापा

## वितरक चाहियो

लक्ष्मीपुर–पञ्चकन्या हुँदै बिर्तामोडका केही भाग र लक्ष्मीपुरबाट दुर्गापुर–चम्पापुर सिमसारका लागि वितरकको आवश्यकता भएकोले इच्छुकले सम्पर्क गर्नुहोला ।

नोटः साइकल भएको २ जना, पाँच/पाँच हजार सेलरी ।
मोटरसाइकल भए १ जना मात्र दश हजार सेलरी ।

सम्पर्कः ९८१६६४१५७३, ९८०१४०४०००

## आकर्षक घडेरी बिक्रीमा

झापाको अर्जुनधारा–९स्थित कटहरडाँडामा कालोपत्रे पिच बाटोले छोएको ४२ फिट मुख भई पश्चिम फर्केको घरायसी तथा व्यापारिक प्रयोजनको लागि भिटाहरु एकमुष्ठ वा टुक्रा गरी लिन चाहने व्यक्तिले सम्पर्क राख्नुहोला ।

नोटः जम्मा जग्गाको क्षेत्रफल १६ कठ्ठा १३ धुर रहेको छ ।

*पुनश्चः बाटोको भाग पिच सेन्टरबाट २६ फिट कट्टा गरी दिइनेछ ।*

सम्पर्क : नरेश श्रेष्ठ (९८४२६२४१५०/९८१७०२१८५५)

## बिर्ता (सेफ्टी तथा ढल सफाई)

बिर्तामोड, झापा

(पहाडी क्षेत्रमा पनि यो सेवा उपलब्ध छ ।)



पूर्वाञ्चलमै सबैभन्दा ठूलो भ्याकुम सिस्टमबाट सफाइ गरिन्छ ।

भूपाल बुढाथोकी
023-545402
9825952677
9825952680

सेफ्टी तथा ढल सफाई गर्नु परेमा हामीलाई सम्झनुहोस् ।


श्रीअन्नु प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित – कार्यालय : बिर्तामोड-१, झापा ■ प्रकाशक : भरतलाल गिरी, ■ अध्यक्ष : टोरूप प्रसाई, ■ व्यवस्थापक : चन्द्रकान्त ढकाल (९८४४६४२०९५/ ९८१७९९०२९९) ■ प्रकाशन सहयोगी : भानुप्रसाद शिवाकोटी ■ सम्पादक : एकराज गिरी
■ अनलाइन संयोजक : नरेन्द्र ढकाल ■ उपसम्पादक : तुलसीप्रसाद निरौला ■ सह-सम्पादक : सुरेन्द्र भण्डारी ■ डेस्क सम्पादक : लक्ष्मण ढकाल ■ लेखा : सोमनाथ भण्डारी ■ कार्यकारी व्यवस्थापक : होमप्रकाश अधिकारी (९८४२६३४७४०) ■ बजार व्यवस्थापक : लीला आचार्य (९८१४०१८५७१)
■ प्रोसेसिङ : गोपाल मण्डल ■ प्राविधिक : बद्री महतारा ■ बजार प्रतिनिधि: गोपाल अधिकारी-९८४२६९६११२/सञ्जय श्रेष्ठ ९८०६०३३१५३ ■ कम्प्युटर : रुपा मुखिया/ सन्तोष अधिकारी (कार्यालय फोन : ०२३-५३१००२/प्रशासन/विज्ञापन : ०२३-५३००४४) Email: purwanchal2052@gmail.com

पूर्वाञ्चल

सम्पादकीय

# सदाचार र प्रविधि

**नौ वर्षअघि चीनले उत्पादन गरेको एप्सले अहिले विश्वलाई जेलेको छ । 'टिकटक' नामक उक्त एप्स उसले व्यापारिक उद्देश्यले उत्पादन गरेको हो । तर, यो एप्स खासगरी युवा वर्गका निम्ति दिन कटाउने, मनोरञ्जन गर्ने, कुण्ठीत र दमित इच्छाहरु प्रकट गर्ने माध्यम बन्दै गएको छ । यसको प्रभाव नेपाली बजारमा नपर्ने कुरै भएन, अझ अनुकरणको होड हाम्रो विशिष्टता नै हो । त्यही भएर यसबेला अत्यधिक रुचाइने एप्स बनिएको छ- यो कुनै खास वर्ग र समूहका लागि । यसकै कारण कपितय दुःखद् समाचारहरु, घटनाहरु मात्र भइरहेका छैनन्, मृत्युवरणसम्मका दुखान्त सूचना पनि सार्वजनिक भएका छन् ।**

**नेपालमा सञ्चार साधनको विकास भएको धेरै भएको छैन । टेलिभिजन जन्मिएकै साढे तीन दशक मात्र हुँदैछ भने टेलिफोन बजारहरुमा आइपुगेको भर्खरै मात्रै हो । त्यस लगत्तै हाते टेलिफोन अर्थात् मोबाइल र त्यसको अझै पछि 'स्मार्ट फोन'को प्रचलन शुरु भयो । केही समय अघिसम्म सम्भ्रान्त वर्गको हातमा हुने यस्ता मोबाइल अहिले आधा पेट खाएर पनि बोक्नै पर्ने मानसिकताको विकासले छ्याप्छ्याप्ती नै छ । हो, मानिस सुख, सुविधाको अधिकतम् उपयोग गर्न चाहन्छ यसैकारण । नयाँ-नयाँ सेवा, सुविधा र वस्तुहरुको खोजी गरिरहन्छ हर्दम । त्यसकै उपजमा आएको नवीनतम् एप्स टिकटक केवल मनोरञ्जनको साधनमा सीमित रहनु पर्दछ ।**

**सबै काम छाडेर 'टिकटक' मै रमाउने जुन प्रवृत्ति अहिले बढ्दै गएको छ, त्यसले कतै हामीलाई नै दास त बनाइरहेको छैन ! सोच्नुपर्ने भएको छ । टिकटक घोचपोच गर्ने, अश्लीलता प्रदर्शन गर्ने, परम्परागत मूल्य-मान्यता, संस्कृति-संस्कार, नैतिकता, आदर्श र चरित्रमाथि प्रहार गर्ने दिशातर्फ उन्मुख नहोस् समाजका अगुवाहरुले सोच्नु पर्दछ । यसो गर्दा नागरिकको मौलिक हकअधिकार र स्वतन्त्रता कुण्ठीत हुनेतर्फ भने सचेत हुनैपर्छ । यसको प्रयोगले नकारात्मकता बढ्दै गएको, मानवीय मूल्य, मान्यता, आदर्श माथि प्रहार भएको भन्दै भारत सरकारले यसलाई प्रतिबन्ध नै लगाएको छ । मानिसको सबैभन्दा ठूलो गुण भनेकै एकअर्काप्रतिको सम्मान, सद्भाव, सहिष्णुता र सकारात्मकता हो । त्यसैले आफ्नो कर्मले म, मेरो परिवार, समाज अनि राष्ट्रलाई अहित भइरहेको त छैन ! स्वयम्ले अनुभूत गर्नुपर्दछ । अनुशरण मात्रै गर्ने मानसिकताले केही दिन तुष्टि त प्राप्त होला, तर त्यसको दीर्घकालीन असर प्रति बेखबर बनिनु हुन्न । त्यहीकारण यस्ता प्रविधिको अनुचित प्रयोग गर्नुभन्दा त्यसकै माध्यमबाट सृजनात्मक अभ्यास गर्नु बुद्धिमानी हुन्छ । मनोरञ्जनका बहानामा समाजमा प्रदुषण नबढोस्, नैतिकता, सदाचार, आदर्श, चरित्र र जीवन नष्ट नहोस् यसतर्फ सचेत र सजग हुनैपर्छ ।**

# स्वार्थमा लुकेको नेपथ्यको राजनीति



**विष्णुप्रसाद खरेल**

नेपाली कांग्रेसका नेता झापाका पूर्व सभापति पूर्णानन्द शर्माद्वारा लिखित पुस्तक 'त्यागको परिणाम'लाई हिजो र आज गरी दोहोर्‍याएर पढैं । अत्यन्त रोचक राजनीतिक स्मरणको उक्त पुस्तक पढिरहँदा त्याग के हो र त्यसको परिणाम कस्तो हुन्छ महशुस गरैं । उहाँद्वारा लिखित पुस्तक आफैंमा शास्वत सत्य नहुन सक्छ । तर, उक्त पुस्तकमा उल्लेख भएका कुराहरु सत्यका नजिक पुगेका छन । वास्तविकतामा आधारित देखिन्छन् ।

मैले पुस्तक पढिरहँदा तीन वटा कुराले मेरो मन छोयो । पहिलो, कम्युनिष्टहरुले गरेको झापा बिद्रोहका एकपात्र जसले जीवनको सम्पूर्ण युवा ऊर्जालाई १६ बर्ष जेलको चार घेराभित्र खर्चन बाध्य पारियो- दुर्गा अधिकारी (सानो)को निस्क्रर्ष । पूर्णनन्दजीको भेटमा दुर्गाले भन्नुभएको रहेछ- 'कुनै गहन निन्द्राको मायावी सपनाका पछि नलागी पढाइलाई निरन्तरता दिएको भए हुने रहेछ ।' दोश्रो, पूर्णनन्दजीको जिज्ञासा- के त सबै राजनीतिक दलका नेताले सबै कार्यकर्ताको चाहना पूरा गर्न सक्छन् ? व्यक्तिगत चाहना पूरा गर्न त असम्भव छ । तर, सिद्धान्त र नैतिकताका पछि लागेर समर्पित भएका कार्यकर्ता आफ्नो पार्टी सत्तामा पुगेर पनि सत्ता स्वार्थको मोहमा आफ्ना सम्पूर्ण सिद्धान्त र नीतिमाथि बलात्कार भएको देखेपछि भने बढी प्रताडित हुँदा रहेछन् ।

र, तेश्रो यहाँको भोगाई र राजनीतिक अनुभवको निष्कर्ष- सरकारी जागिरेलाई जनताको सेवा गर्नेभन्दा राजनीतिक दलको भागबण्डामा पदोन्नति र पुरस्कार पाउने बनायौं र लेखक, पत्रकार, कलाकर्मी, बुद्धिजीवि जसको पनि स्वतन्त्र सिर्जनशीलतालाई कुण्ठित पारी दलीय स्तुति गायनलाई महत्व दियौं । समग्रमा भन्नुपर्दा सम्पूर्ण नेपाली जनतालाई आ-आफ्नो राजनीतिक दलको कित्तामा आबद्ध गरेर सबैको स्वतन्त्र अस्तित्व र महानतालाई दासतामा रुपान्तरित गर्‍यौं अनि अहिले आएर देशको उन्नति प्रगति स्वाभिमान र गौरवको अपेक्षा गर्छौं । कागती रोप्ने अनि सुन्तला खोज्ने ?

उक्त पुस्तकमा उल्लख भएका यी तीन वटा कुरा त्यसै प्रस्तुत भएका छैनन् । गहन अनुभवका परिणामका रुपमा यी कुरा उल्लेख भएका छन् र अहिलेको समसामयिक राजनीतिसँग बिल्कुलै मेल खान्छन् । कम्युनिष्ट योद्धा सानो दुर्गा अधिकारीको अनुभवले वर्तमानमा पुराना त्याग र बलिदानको ओतप्रोतबाट सञ्चालित इमान्दार कार्यकर्ताको दुर्दशालाई समेटेको छ । जुनसुकै दलका कार्यकर्ता भए पनि उनिहरुले सोचेको बाटो र देखेको सपनाबाट वर्तमान दलका नेताहरु चिप्लिएका छन् । वर्तमान राजनीति निजी स्वार्थ, दम्भ र परिवारवादमा फसेको छ । दलहरुको यस्तो दुर्दशाले ती पुराना र त्यागी इमान्दार कार्यकर्ताहरु आफ्नो बलिदान माथि नै पश्चाताप गर्न थालेका छन् । नेपालको राजनीतिमा त्याग र बलिदान मात्र



दिएका कम्युनिष्ट आन्दोलनका सानो दुर्गा अधिकारी र नेपाली कांग्रेसका पूर्णनन्द शर्मा जस्ता कति कार्यकताहरु होलान् अहिले आएर आफैंमाथि आफैंले प्रश्न उठाउन बाध्य पारिएका छन् ।

दोश्रो प्रसंग पनि कम महत्वको छैन । सिद्धान्त र नैतिकताका पछि लागेर समर्पित भएका कार्यकर्ता आफ्नो पार्टी सत्तामा पुगेर पनि सत्ता स्वार्थको मोहमा आफ्ना सम्पूर्ण सिद्धान्त र नीतिमाथि बलात्कार भएको देखेपछि प्रताडित हुनु स्वभाविक नै हो । अहिले त्यही अवस्था छ । विशेषगरी नेकपामा देखिएको नाटक र नौटंकीले त्यस दलभित्रका कार्यकर्ता कति प्रताडित भएका होलान् सहजै अनुमान गर्न सकिन्छ । नेताहरु त आफ्नो स्वार्थका लागि दन्तवाजन गरिरहेका छन् । तर, कार्यकर्ता तहमा एउटा स्वभिमान र जुन उत्साह थियो त्यो सबै चकनाचुर भएको छ । कार्यकर्ताहरुले पाउने मात्र स्वाभिमान र सन्तुष्टि हो । तर, त्यो पनि नेताहरुका कारण आज खोसिएको छ । त्यही पीडाको छट्पटाहटमा अहिले केपी ओली समूह होस् या प्रचण्ड-माधव समूह होस् दुबै समूहका कार्यकर्ता सडकमा छट्पटाइरहेका छन् ।

धेरै मानिसलाई थाहा छ, नेकपाको विवाद कुनै सैद्धान्तिक विवाद होइन । यो मात्र पद, प्रतिष्ठा र व्यक्तिगत स्वार्थमा केन्द्रित विवाद हो । नेकपाका अध्यक्ष केपी ओलीले अख्तियार गरेका निर्णयहरु संविधान र कानूनी रुपमा कति ठिक र बेठिक होलान् त्यो अर्को पाटो हो । तर, नेकपाभित्रको विवाद यति जटिल हुनुमा सबै नेताहरुका स्वार्थ, कुण्ठा र राजनीतिक पूर्वाग्रह मात्र हुन् । धेरै मानिसहरुले यसरी नै बुझेका छन् । पार्टीले लिएको सिद्धान्त विपरीत नेताहरुका स्वार्थहरु हावी भएकै कारण नेकपाको विवाद यो चरणमा प्रवेश गरेको निश्चय हो । जे भए पनि नेकपाका कारण उत्पन्न विवादले त्यस दलका कार्यकर्ताहरु प्रताडित र मर्माहत भएकै छन ।

तेश्रो कुरा, हामीले कस्तो राजनीतिक संस्कारको बिजारोपण गर्‍यौं भन्नेमा केन्द्रित छ । राजनीतिले प्रभाव नपारेको कुनै ठाउँ रहेन । सबै ठाउँमा हामीले कित्ताकाट गरिसकेका छौं । विभिन्न पेशा, वर्ग, लिङ्ग, उमेर समूहमा त गरेकै थियौं अब त कुनै धार्मिक संस्था वा भजन समूह हुन् वा वंशीय प्रतिष्ठान वा संस्थाहरुको नेतृत्व चयनमा समेत राजनीतिक दलहरुले प्रभाव जमाउन र हस्तक्षेप गर्न थालेका छन् । समाजका सबै स्वरुपहरुलाई खण्डित पारेर एकता, सदभाव, सुसंस्कृत समाज र समृद्धिको खोजी गर्ने अकल्पनीय उल्टो बाटोमा हामी आइपुगेका छौं । जुन समाजमा हरेक विषयहरुलाई राजनीतिक रुपबाट विश्लेशण गरिन्छ र विभाजन गरिन्छ त्यस्तो समाजमा एकता र सद्भावको खोजी गर्ने उल्टो बाटोमा हिँड्नु भनेको पूर्णनन्दजीले भने जस्तै कागती रोपेर सुन्तलाको आशा गर्नु नै हो । दलहरुले आफ्नो स्वार्थका खातिर हामीमाथि थोपरेको विभाजनको शिकार अहिले हामी मात्र भएका छैनौं, सिंङ्गो नेपाली समाज नै भइरहेको छ ।


नेपालको राजनीति अनौठो देखिन थालेको छ । कसैले पनि कल्पना गर्न नसकिने घटना नेपालको राजनीतिमा हुन थालेका छन् । किन त्यस्तो हुन्छ ? यो प्रश्न सबैभित्र छ । तर, उत्तर आ-आफ्नै पृष्ठभूमिमा उभिएर हामी खोजिरहेका छौं । त्यसैले कसैले पनि एउटा उत्तर दिन सक्दैनौं । फरक पृष्ठभूमिका कारण अरुले दिएको उत्तरमा हामी विश्वास गर्न सकिरहेका छैनौं । यस स्तम्भकारलाई बढी विश्वास भएको उत्तर हो- नेपथ्यको राजनीतिमा लुकेको राजनीतिक स्वार्थ । हामीले देख्यौं, २०४७ सालको संविधान अन्तर्गत बनेका सरकारहरु । सरकार बनाउनु प्राविधिक विषय मात्र हुनुहुँदैन थियो ।

यो त राजनीतिक सिद्धान्तको आधारमा तय गरिनु पर्दथ्यो, तर त्यसो भएन । नेकपा एमाले र कांग्रेसको गठबन्धन पनि भयो, एमाले र राप्रपाको गठबन्धन पनि भयो, राप्रपा र कांग्रेसको सरकार पनि बन्यो, राजाद्वारा घोषण गरेको सरकार पनि बन्यो, माओवादी र कांग्रेसको सरकार पनि बन्यो । को सँग को मिलेर सरकार सञ्चालन भएन र । सबैसँग सबैका गठबन्धन बने पनि र टुटे पनि । संविधान सभाबाट नेपालले संविधान बनाएपछि अर्को आकस्मिक चमत्कार भयो दुई ध्रुवका कम्युनिष्टहरु अचानक एउटै ध्रुवमा आइपुगे । फगत स्वार्थकका लागि । उनीहरुकै बहुमतको सरकार बन्यो । स्वार्थको चुम्बकीय सन्तुलन नमिलेपछि त्यो पनि टुट्यो ।

नेपालका राजनीतिक दलका नेताहरुको स्वार्थी चरित्रका कारण धेरैले भन्न थालेका छन्- नेताहरुको देखाउने दाँत र चपाउने दाँत फरक हुँदा रहेछन् । जनतालाई देखाउने दाँत एउटा छ, कार्यकर्तालाई देखाउने दाँत अर्को छ । तर, सबै नेताहरुका दाँत उस्तै छन् । उनीहरुको दाँतमा व्यक्तिगत स्वार्थ लेपन मात्र छ । त्यही स्वार्थको दन्तवाजन मात्र हो नेपालको वर्तमान राजनीति । नेपथ्यमा गाँसिएको स्वार्थले नेपालको राजनीतिलाई प्रदुषित बनाइरहेको छ । धेरै मानिसहरु त्यसैमा रुमल्लिरहेका छन् ।

# देशभन्दा ठूलो कुनै वाद र विचार हुँदैन


**देशको शासन व्यवस्थालाई सधैं विदेशी दूतावास र आईएनजीओको कठपुतली नबनाऔं । देशको शक्तिकेन्द्र देशमै फर्काउने अभियानमा अब हामी लागौं ।**



**सन्तोष विमली**

म राजनीतिक पार्टी संगठन, संघ, संस्थाको पहुँचसम्म नपुगेको, कुनै पहुँच नभएको र यस्ता क्रियाकलापमा नअटाउने मान्छे हूँ । यिनीहरूको भाषामा शुद्ध- सर्वहारा । सर्वहारा विपन्न वर्ग समुदायमा जन्मेको हुर्केको र समय परिस्थिति अवस्था अनुरूप केही तितामिठा अनुभवहरूको अनुभूति गर्दै, गरिखाने वर्गसँगै परिश्रमको पौरखले बाँचिरहेको मान्छे हूँ । मेरो परिवार आज पनि श्रमजीवी छ र सधैं नै श्रमजीवी नै रहन्छौं । तब पनि करौडौं नेपाली नागरिक मध्ये म पनि एक अंकमा गनिने यो देश समाज र गाउँघरको मान्छे हूँ ।

घरमा तलमाथि हुँदा पीडा हुन्छ, समाजमा तलमाथि हुँदा दुःख लाग्छ । झन् देशको स्थिति देख्दा अत्यन्तै चिन्ता र चासो म जस्ता करोडौं स्वदेशप्रेमीजनका कसैको लागि अत्यन्तै चासो वा कसैको लागि चासोको विषय नभए पनि यसले प्रत्यक्ष/अप्रत्यक्ष हामीहरूकै जीवनस्तरमा असर प्रभाव पार्ने घटनाक्रम हुन् । आज-भोलिका दलबलका नेताहरू विदेशीका मतियार बनेर, दलाल बनेर, आफैं सत्ता शासनमा बस्ने, आफैं व्यवस्था



निर्धारण गर्ने, भ्रष्टाचार कुशासन व्यथिती विसंगति मौलाउन यिनीहरूले नै मलजल गोडमेल गर्ने, अपराध गर्ने अपराधी लुकाउने, संरक्षण गर्ने, आफैं आन्दोलनमा आएर आपराधिक क्रियाकलाप किन भयो भनेर सडक र सदन तथा हामी आमजनतालाई नै सास्ती खेपाउने यो कस्तो राजनीति हो ? बुझ्नै नसक्ने । अनि हाम्रै वर्ग समुदायका अर्धचेत भएका अल्पज्ञानी, अर्धशिक्षित युवा-युवती, बालबालिका र वयोवृद्ध जसले जता दुगुर्‍यायो उतै दुगुर्ने । अगाडि-पछाडि को नहेर्ने, नसोच्ने, कसले के गरेर आएको र कसले के गर्दैछ भनेर पनि नखोज्ने भएका हामीले जो कसैको विरोधको भर्त्सना गरेको सुहाएन ।

विरोध गर्नुको पनि कुनै न कुनै अभिप्राय, उद्देश्य अथवा कारण हुन्छन् । तर, अकारण उद्देश्यविहीन भएर, निहित स्वार्थ सिद्ध गर्न खोज्नेहरूको पछि लागेर विरोध भर्त्सना बहिष्कार गर्नुले कुनै औचित्य राख्दैन । आफू लगायत समाज देशमा बदलाव ल्याउनु नै छ भने पहिले सत्य के हो त्यसलाई अँगाल्न सक्नु पर्‍यो । वर्तमान यथास्थितिमा एउटा मात्र विकल्प बाँकी छ- त्यो हो विमुख-सम्मुख । सकिन्छ भने हामीले यो राजनीतिको घिनलाग्दो खेलबाट विमुख भएर गाउँ, समाजलाई सबैथोकमा आत्मनिर्भर बनाउन सहकार्य गरौं । यदि गाउँ, समाजका मान्छे सबल, सक्षम, शिक्षित बनाएर विकासका मुहान फुटाउन सकियो भने देशको उन्नति-प्रगति हुन्छ । देशले राष्ट्रियस्तरमा विकासको फड्को मार्नु भनेकै सुख, समृद्धिको पहिचान हो ।

यदि राजनीतिक क्रियाकलापबाट विमुख हुन सकिँदैन भने राजनीतिक सम्मुख हुनुहोस् । अरूको लहलहैमा लागेर अरूले घोकाएका शब्द रटेर होइन, स्वयम्को सामर्थ्यले षुरूषार्थले यो घिनलाग्दो कुरूप हुन लागेको विधिसम्मत सत्ता शासन गर्न अपनाउनुपर्ने राजनीतिको अनुहारलाई घोइपखाली गरी सत्य र सेवाको मार्गमा डोर्‍याएर देश र जनताको भलो गर्ने बाटो रोज्नुहोस् । यदि यस्तो गर्न पनि सामर्थ्यले पुग्दैन भने संगठित भएर विद्रोह गर्नुहोस् । तर, लाचार भएर, घुँडा टेकेर, अरूको आडमा उफ्रेर, विरोध भर्त्सना बहिष्कार गरेर कुनै उपलब्धि हुनेवाला छैन ।

यसरी नै पालैपालो गरी टाठाबाठाहरूले हामीमाथि शासन गरिरहने छन् र हामी डरत्रासमा सास्ती अभाव खेपेरै पिढीदर पिढी दुःखकष्ट विपन्नताका नै झेलीरहने छौं । एकातिर विश्व ग्लोबलाइजेशनको (वैश्विककरण) दौडमा छ । हुनेखाने वर्गलाई यस्ता कुरालाई छुदैन पनि किनकि यिनीहरूसँग आधुनिकीकरणका सम्पूर्ण साजोसमान छन् । भौतिक आर्थिक र वैदेशिक समन्वयता र अन्तर्राष्ट्रिय सम्बन्धको पहुँचमा पुग्न सफल भइसकेका हुनाले, पुँजीपति वर्ग, समुदायलाई राष्ट्रिय राजनीतिसँग कुनै चाँसो छैन र देशको यस्तो एक धनाढ्य वर्ग समुदायलाई यो देश समाज र जनताबाट केही लिनुदिनु छैन । कोही मरून्, बाचनु, किनकि हामी तिनीहरू मै पूर्णरूपले आश्रित छौं । यदि यिनै पुँजीपति वर्ग समुदायले यो देशमा व्यापारमा कारोबार लगानी नगरी दिने हो भने हामी र हाम्रो वर्ग समुदायले झनै अभाव र सास्ती झेल्नुपर्ने हुन्छ ।

हामी आत्मनिर्भर छैनौं । दैनिकी उपयोग हुने नुन त हामी कहाँ आयात भएर पुग्छ भने हाम्रो दशा त्यतिबेला के होला ? बरू अहिलेका फोहरी राजनीतिका नेताहरूले तिनै पुँजीपति वर्ग, समुदायका तलुवा चाट्दै उनीहरुलाई यो देश उपनिवेशवादीहरूको हातमा बुझाउन हरसम्भव कोशिसमा लागेका छन् भने जुन भ्रष्ट अराजक गुटबन्दी गर्ने अपराधी संलग्नता भएका समाज भडुवा, भगौडा शरणार्थी मान्छेहरू राजनीतिक आवरणमा लुकेर धार्मिक सहिष्णुता, सामाजिक एकता, मौलिकता, धर्म, संस्कृति, संस्कार परम्परा रीतिरिवाज माथि प्रहार गरेर एकआपसमा हाम्रो वर्ग समुदायलाई भिडाउने दाउपेच जालझेल आफ्नो स्वार्थ सिद्ध गर्न गरिरहेका छन् ।

यसरी बुझौं जनसंख्या गणनाको आधारमा तीन करोड, भौगोलिक आधारमा देशको जनसंख्या अति न्यून तब पनि गरिबी वेरोजगारी किन ? आधारभूत सुविधाको कमी पूर्वाधारहरूको विकास नहुनुको कारण के हो ? सर्वहारा, विपन्न वर्ग, समुदायको उत्थान र उन्नति गर्न नपाउने कारण के हुन ?

यिनी सबै कमजोरीका कारकतत्व अहिलेको भ्रष्ट नीतिविहीन अनैतिक राजनीति र राजनीतिज्ञ हुन् । राजनीतिक स्वार्थमा अडकाएर राखेको राज्यसत्ता सञ्चालन व्यवस्था हो । देशमा भएका कल कारखाना मासेर, दशका मेरुदण्ड मानिएको युवालाई खाडीमा रहेको पश्चिमा लगानी उकास्न वेरोजगारीको बुई चढाएर खाडीका घाममा ५० डिग्री घाममा धकेलेर तिनको शरीर बाकसमा भित्र्याइ रेमिट्यान्सले देश धान्न बाध्य बनाउने यो दलाल व्यवस्था हो ।

यो भन्दा पनि ठूलो दोषी यो देशको नौकरशाही हो । राज्यलाई स्थायी र स्थायित्व दिने भनेकै नौकरशाही हो यदि नौकरशाही नै राजनीतिक पार्टी संगठन, संघ-संस्था र राजनीतिज्ञहरूको कठपुतली बन्छ भने यो भन्दा भ्रष्ट अरू के हुन सक्छ । त्यसैले सधैं विरोध मात्र होइन विकल्प खोजौं अनि रोजौं । देशको शासन व्यवस्थालाई सधैं विदेशी दूतावास र आईएनजीओको कठपुतली नबनाऔं । देशको शक्तिकेन्द्र देशमै फर्काउने अभियानमा अब हामी लागौं । अब छिमेकी नेता, दल, कोरा विचार, वादलाई हराऔं मात्र यो राष्ट्रलाई जिताऔं ।

# जन्मदिनमा कोइरालाको दुई कृति विमोचन




**बिर्तामोड, माघ २२।** तपाईं आफ्नो जन्मदिन कसरी मनाउनु हुन्छ ? तारे होटलमा साथीभाइलाई पार्टी दिएर तडकभडक तरिकाले फजुल खर्च गरेर मनाउनु हुन्छ होला, तर साहित्यकार चित्रा पौड्याल कोइरालाले भने आफ्ना दुईवटा कृतिको विमोचन गरेर जन्मदिन मनाएकी छिन् ।

अर्जुनधारा-८ घर भई हाल अमेरिका बस्दै आएकी कोइरालाले अमेरिकादेखि आएर लकडाउनको समय सदुपयोग गर्दै तयार पारिएको आफ्ना दुई वटा कृति मुक्तक संग्रह शंखनाद र कविता संग्रह श्वेत शिखर आफूलाई जन्मदिने आमा-बुवाको हातबाट विमोचन गरेर जन्मदिन मनाएकी हुन् ।

लोकनाथ-हेमकला पौड्याल ट्रष्ट अर्जुनधारा-८ झापाको आयोजनामा भएको कार्यक्रममा साहित्यकार चित्रा पौड्याल कोइरालाका बुवा शिक्षासेवी लोकनाथ पौड्याल र आमा हेमकला पौड्यालले मुक्तक संग्रह शंखनाद र कविता संग्रह श्वेत शिखरको विमोचन गरेका थिए ।

आफूलाई जन्मदिने आमाबुवा दिवंगत भएपछि पुस्तक समर्पण गर्ने परम्परालाई तोड्दै जन्मदिनको दिन आफूलाई जन्मदिने आमाबुवाको हातबाट दुई वटा कृतिको बिमोचन गरेर आमावुवा प्रति कृति समर्पित गरेको बताउँदै उनले सानै उमेरदेखि आमाबुवाको हातबाट कृति विमोचन गराउने धोको भएको र त्यो अहिले आएर पूरा भएको जनाइन् । आफ्ना दुई वटा कृतिको बिक्रीबाट संकलित रकम अर्जुनधारा-६ कप्तानबारीस्थित अपाङ्ग बालशिक्षा सरोकार केन्द्रमा रहेका अपाङ्गता भएका बालबालिकाहरुको सहयोगार्थ प्रदान गरिने उनले बताइन् ।

विगत आठ वर्षदेखि अपाङ्ग बालशिक्षा सरोकार केन्द्रमा रहेका अपाङ्गता भएका वालवालिकाहरुलाई सहयोग गर्दै आएको बताउँदै उनले आगामी दिनमा पनि सहयोग जारी गरिने प्रतिबद्धता जनाइन् ।

साहित्य चौतारी बिर्तामोड झापाकी कार्यसमिति सदस्य, अन्तर्राष्ट्रिय नेपाली साहित्य समाजकी आजीवन सदस्य, जीवन विज्ञानकी प्रशिक्षक रहेकी साहित्यकार कोइरालाले मुक्तक संग्रह शंखनाद आमावुवाप्रति र कविता संग्रह श्वेत शिखर जीवन विज्ञानका गुरुप्रति समर्पित गरेको बताइन् ।

# रहेनन् बिर्तामोड खानेपानीका उपाध्यक्ष सिटौला



**बिर्तामोड, माघ २२।** बिर्तामोड साना शहरी खानेपानी तथा सरसफाई उपभोक्ता संस्थाका उपाध्यक्ष पर्शुराम सिटौलाको माघ २१ गते बुधबार निधन भएको छ ।

५५ वर्षीय सिटौलालाई अचानक नाक र मुखबाट रगत वान्ता हुन थालेपछि उपचारका लागि बीएण्डसी अस्पताल पुर्‍याए लगत्तै हृदयघातका कारण सिटौलाको मृत्यु भइसकेको चिकित्सकले घोषणा गरेको बताइएको छ ।

बिर्तामोड-३ बिर्ताबजार निवासी सिटौला बिर्तामोड साना शहरी खानेपानी तथा सरसफाई उपभोक्ता संस्थाको उपाध्यक्ष, नेपाली कांग्रेस झापाका क्षेत्रीय प्रतिनिधि, विराट बहुउद्देश्यीय सहकारी संस्थाको उपाध्यक्ष, अनारमनी पब्लिक क्याम्पसको उपाध्यक्ष, विराट भरत विश्रान्तिको सदस्य, सिटौला सेवा समाजको निवर्तमान अध्यक्ष, नारायण गोपाल स्मृति प्रतिष्ठानका सदस्य, आदर्श सामुदायिक प्रहरी सेवाकेन्द्रका पूर्व उपाध्यक्ष लगायतका पदमा रहेर सामाजिक क्षेत्रमा क्रियाशील रहेका थिए ।

उनको नेतृत्वमा हालै बिर्ताबजारको दुर्गा मन्दिर नयाँ बनाइएको थियो । दिवंगत सिटौलाका श्रीमती पुण्यवती सिटौला, दुई छोरीहरु एलिजा र सलिजा सिटौला र एक छोरा शैलेन्द्र सिटौला रहेका छन् । उनको बिहीबार कन्काई माईमा अन्त्येष्टी गरिएको परिवारिक श्रोतले जनाएको छ ।


## घर बिक्रीमा

अर्जुनधारा-६ महानन्द चोक नेपाली कांग्रेस पार्टी कार्यालय पूर्व ९½ धुर जग्गामा ३ तला संरचना, पूर्व मोहडा, पार्किङ सुविधा, भूइँतला टाली, मार्बल भएको घर तु-बिक्रीमा छ ।

**सम्पर्कः ९८०७९६५३०९**

## पसल बिक्रीमा

झापा बुद्धशान्ति गाउँपालिका-३ बुधबारे चौक (बैंक अफ काठमाडौंको तल्लो तला)मा चालू अवस्थामा रहेको 'ल्याभिस इम्पोरियम फेसन वेयर' बिक्रीमा रहेकाले इच्छुकले तुरुन्त सम्पर्क गर्नुहोला ।

**सम्पर्कः ९८४२७७३६२०, ९८४२६५५४१३**

## कर्मचारी आवश्यकता

यस सम्पन्न बचत तथा ऋण सहकारी संस्था लि. का लागि निम्न अनुसारको कर्मचारी आवश्यक परेको हुँदा इच्छुक व्यक्तिले तु-सम्पर्क गर्नुहोला ।

१) **पदः बजार प्रतिनिधि,** **संख्याः १० जना**
**स्थानः** माईधार, सुरुङ्गा, दुर्गापुर, लक्ष्मीपुर, चारपाने, बिर्तामोड, बैसाबाडी, अर्जुनधारा, चैतुबारी, बुट्टाबारी, बिर्ताबजार, सैनिकमोड, गरामनी
**तलब+सेवासुविधाः** आपसी समझदारीमा
**योग्यताः** SLC, +२
२) **पदः लेखापाल** **संख्याः** २ जना
**स्थानः** बिर्तामोड/सुरुङ्गा
**तलबः** आपसी समझदारीमा
३) **पदः व्यवस्थापक** **संख्याः १ जना**
**तलबः** आपसी समझदारीमा

**सम्पन्न बचत तथा ऋण सहकारी संस्था**
**फोनः** ०२३-५४५९८३, ०२३५५०६७६

## सेफ्टी ट्याङ्की तथा ढल सफाई

अत्याधुनिक ट्र्वो (Trabo) प्रविधि सिस्टमको ठूलो ट्याकीबाट सस्तोमा दुगन्धरहित हजुरहरुको सेफ्टी ट्यांकी सरसफाई गर्नु परेमा हामीलाई सम्झनुहोस् ।

'चट्ट फोट झट्ट सेवा'



सम्पर्कः ०२३-५५०६२०
९८४२६५५७००, ९८०४९३८१००, ९८०७९३०७४०, ९८१७९२९३९४

## साझा सेफ्टी ट्याङ्की तथा ढल सरसफाई

झापामै पहिलोपटक भ्याकुम सिष्टमको ठूलो र सस्तो ढल तथा सेफ्टी ट्याङ्की सरसफाईको लागि हामीलाई सम्झनुहोस् ।




सम्पर्कः ९८१४९९३७१२, ९८२४९८११७४, ९८४२६७७८५५, ९८६२६४८२८२



## नेपाल सरकार
## रक्षा मन्त्रालय
## नेपाली सेना
## श्री नयाँ श्रीनाथ गण चारआली ब्यारेक, झापा
## शिलबन्दी दरभाउपत्र आह्वानको सूचना

*तेस्रो पटक प्रकाशित मिति २०७७/१०/२३ गते*

**सूचना नं. ३**

१) झापा जिल्ला, मेची नगरपालिका वडा नं. १३ चारआलीस्थित यस श्री नयाँ श्रीनाथ गणका ब्यारेक घरहरु मर्मत संहार गर्नुपर्ने भएकाले उक्त मर्मत संहार कार्य गर्न इच्छुक इजाजत प्राप्त निर्माण व्यवसायी, रजिष्टर्ड कम्पनी/फर्म/संस्थाहरुले यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र)औं दिन (मिति २०७७/११/०८) भित्र कार्यालय समयमा दरभाउपत्र फाराम शुल्क रु. १०००/- (एक हजार मात्र, पछि फिर्ता नहुने गरी) तिरेर दरभाउपत्र खरिद गरी सो दरभाउपत्रमा उल्लेखित शर्त अनुसार शिलबन्दी दरभाउपत्र मिति २०७७/११/०९) गते १२:०० बजेभित्र दर्ता गर्नुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

२) साथै दर्ता हुन आएको दरभाउपत्र मिति २०७७/११/०९ गतेको १३:०० बजे यस श्री नयाँ श्रीनाथ गण, चारआली ब्यारेकमा खोलिने व्यहोरा समेत सुचित गरिन्छ ।

**दरभाउपत्र जमानत र कामको विवरण**

| सि.नं. | कामको विवरण | सामान आपूर्ति गर्नुपर्ने स्थान | कुल लागत रकम | पेश गर्नुपर्ने दरभाउपत्र फारम जमानत रकम रु. | दरभाउपत्र फाराम दस्तुर रकम रु. |
|---|---|---|---|---|---|
| १. | ब्यारेक घरहरु मर्मत सम्भारका सामानहरु आपूर्ति | झापा जिल्ला, मेचीनगर नगरपालिका वडा नं. १३ | ९०००००।०० (भ्याटसहित) | २७०००।०० | १०००/-०० |

*नोटः यो सूचनासहित थप विवरणहरु श्री नयाँ श्रीनाथ गणको २ नं. गेट र सूचना पाटीमा समेत टाँस गरिएको छ । साथै सो सूचना सम्बन्धी कुनै दुविधा भएमा विस्तृत जानकारीको लागि नयाँ श्रीनाथ गणको **फोन नं. ०२३-४६००८०** सम्पर्क गर्न सकिनेछ ।*

**श्री नयाँ श्रीनाथ गण**
**चारआली ब्यारेक, झापा**

## १५ दिनमै ग्यारेन्टीका साथ प्याकिङ्ग हेल्परमा दुबई पुग्ने सुवर्ण अवसर

**कम्पनी : BAKEMART L. L. C.** **शहर : DUBAI**

पूर्व स्वीकृति मितिः २०७६/०३/१८ चलानी नं. ६०१४१४३९ लट नं. २२१७७९

| पद | संख्या | तलब | खान/बस्न | ओटी | काम | करार |
|---|---|---|---|---|---|---|
| Helper (प्याकेजिङ्ग) | ८० | 800/- AED | छ/छ | कनिअ | ८ घण्टा २६ दिन | २ बर्ष |

**नोट :**
१) नेपाली हेबी ड्राइभरलाई साउदी सि-पोर्टमा १२००+३०० सेरेलीको माग भई आएको छ ।
२) साउदी क्लिनर ८००+खाना-बस्नको पनि माग भई आएको छ ।
कृपया १५ दिनमा उड्न सक्नेले मात्र सम्पर्क गर्नुहोला ।

**फाइनल अन्तरवार्ता माघ २५ आइतबार बिर्तामोडमा हुँदैछ ।**

**सगुन ओभरसिज सर्भिसेज प्रा.लि.**
श्रम इजाजत नं. ३९६/०६०/०६१
पो.ब.नं. ३२३, डिल्लीबजार, कालिस्थान-३२ (फोनः ९८०८०७४५९८, ९८०३०७४४३९)



## बिमालेख हरायो

गरामनीबाट बिर्तामोड आउने क्रममा यही मिति २०७७/०८/२० गते मेरो निम्न व्यहोराको एसियन लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेडको पोलेसी हराएको हुँदा भेट्नु हुने महानुभावले नजिकको प्रहरी कार्यालय वा तलको ठेगानामा सम्पर्क गरिदिनुहुन अनुरोध गर्दछु ।

**नाम**:- एकराज कार्की
**ठेगाना**:- गरामनी-२, झापा
**हाल** : बिर्तामोड-७, झापा
**पोलेसी नं.**:- ५९१००००९२८३
**कम्पनी नाम**: एसियन लाइफ इन्स्योरेन्स क.
**सम्पर्क**: ९८५२६७१५९०

## बिमालेख हरायो

गरामनीबाट बिर्तामोड आउने क्रममा यही मिति २०७७/०८/२० गते मेरो निम्न व्यहोराको एसियन लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेडको पोलेसी हराएको हुँदा भेट्नु हुने महानुभावले नजिकको प्रहरी कार्यालय वा तलको ठेगानामा सम्पर्क गरिदिनुहुन अनुरोध गर्दछु ।

**नाम**:- सुजता पाण्डे कार्की
**ठेगाना**:- गरामनी-२, झापा
**हाल** : बिर्तामोड-७, झापा
**पोलेसी नं.**:- ५९१००००९२८२
**कम्पनी नाम**: एसियन लाइफ इन्स्योरेन्स क.
**सम्पर्क**: ९८५२६७१५९०

## ताप्लेजुङ-पाथीभरा सफल यात्रा

बिर्तामोडबाट ताप्लेजुङ हुँदै पाथीभरा मन्दिरसम्म साथै थेचम्बू, मेमेङसम्मको सफल यात्राका लागि हामीलाई सम्झनुहोस् ।



**ताप्लेजुङ पाथीभरा काउन्टर**
**मो. ९८०३२५०४७२/९८०१३६४०९३**

## मेचीनगर नगरपालिका
### नगर कार्यपालिकाको कार्यालय
### इटाभट्टा, झापा
### प्रदेश नं. १ नेपाल
## घर नक्सा पासका लागि साँध-सँधियारका नाममा जारी गरिएको १५ दिने सूचना

मेचीनगर नगरपालिका वडा नं. १३ बस्ने श्री नवसिंह राजवंशीले निजको नाममा दर्ता रहेको साविक दुहागढी-४ हाल मेचीनगर-१३ स्थित मिलन टोल कच्ची मार्गमा पर्ने कि.नं. २८३० क्षेत्रफल X-X-७ जग्गामा तपशिलमा उल्लेख भए बमोजिम पूर्व/पश्चिम, दक्षिणतर्फका सँधियार श्री सूर्यप्रसाद सिग्देल मिति २०७७/१०/२२ मा साँध-सँधियारको नाममा १५ दिने सूचना टाँस गर्न जाँदा नभेटिनु भएको हुँदा जारी मितिबाट १५ दिनभित्र साँध-सधियार, बाटो, नदिनाला, सार्वजनिक जग्गा, मठमन्दिर आदि कसैलाई असर पर्ने भए उजुरी गर्न यो सूचना प्रकाशित गरिएको छ । तोकिएको मितिमा कुनै किसिमको उजुर बाजुर पर्न आएको खण्डमा तपशिलमा उल्लेख भए बमोजिमको घर नक्सा पास भई जाने व्यहोरा सबैमा जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

तपशिल

| सि.नं. | जग्गाको विवरण | घरको विवरण | घर जग्गा धनीका सधियारहरु |
|---|---|---|---|
| १ | साविक दुहागढी-४ हाल मेचीनगर-१३ कि.नं. २८३० क्षेत्रफल X-X-७ | लम्बाई ४१,०" चौडाई २३,२" उचाई १७,५" क्षेत्रफल १११६.२१ वर्गमिटर | पूर्व श्री हरि पराजुली पश्चिम श्री सूर्यप्रसाद सिग्देल उत्तर श्री गोरेटो बाटो दक्षिण श्री जीवन खड्का |

सेफ्टी ट्यांकी सफा गर्नु परेमा हामीलाई सम्पर्क गर्नुहोला ।

## झापा सेफ्टी ट्यांकी तथा ढल सफाई

**बिर्तामोड सम्पर्क**
**राजुकुमार श्रेष्ठ**
९८५२६४६००५
९८०६०१०४१०
९८४२६३४६२७
०२३-५४६००५




**दमक सम्पर्कः**
**देवी सिटौला**
९८२४९७९१८५
९८४२७६०२६५
९८४२३३२४३०

झापामै सबैभन्दा ठूलो भ्याकुम सिस्टमको ट्यांकीबाट सफाई गरिन्छ ।

## हाडजोर्नी तथा नसाका समस्याहरूको सफल उपचार

पूर्वाञ्चलकै पहिलो तथा एकमात्र फरक चिकित्साको उपचार स्पार्क पूर्वाञ्चल अस्पताल बिर्तामोड झापामा हाडजोर्नी तथा नसाका बिरामीहरुको सफल उपचार ।


**जाँच तथा उपचार हुने समस्याहरु**
- गर्धन, ढाड, कम्मर दुख्ने, डिस्स प्रोल्याप्स, नसा च्यापिएको, हड्डी खिइएको
- बाथ रोग, युरिक एसिड बढेको, आर्थराइटिस, जोर्नी दुख्ने, जोर्नी जाम भएको
- शरीर झमझमाउने, पोल्ने, लाटो हुने, काम्ने,
- प्यारालाइसीस तथा हिंड्न गाह्रो हुने शरीरको एक वा दुबै भाग नचल्ने, मुख बाङ्गिएको बिरामीलाई भर्ना गरी विशेष उपचार गरिन्छ ।
- प्लाराइसीस भएका तथा हिड्न नसक्ने बिरामीका लागि अस्पतालमा भर्ना गरी विशेष उपचार गरिन्छ ।

**स्पार्क पूर्वाञ्चल अस्पताल,** कनकाई रोड
नेपाल टेलिकम पूर्व बिर्तामोड, झापा (फोन : ०२३-५४०१२३, ९८०३१५४६१९)

## पाथीभरा सिने प्लाजा बिर्तामोड अब खुल्ला

नेपाली कथानक चलचित्र (शिव श्रेष्ठको)
**एउटा यस्तो प्रेम कहानी**
माघ १ गतेबाट प्रदर्शनमा

हिन्दी चलचित्र
**विजय दि मास्टर**



पहिलो शो ११:४५ ।
दोस्रो शो २:४५ ।
तेस्रो शो ६:३०

बुकिङ्ग गरेको टिकट एक घण्टापछि स्वतः क्यान्सिल हुनेछ । (फोन नं. ०२३-५४६४३६)

## FREE VISA ! FREE TICKET !!
## Opportunity to work in Largest Government Petrol Pump of UAE

ADNOC DISTRIBUTION

**Company : ADNOC DISTRIBUTION, Abu Dhabi, UAE**

Pre-approval Date: 2077/10/19 Dispatch No.: 60154341 LT. 235894

| S. N. | Category | QTY. Male | QTY. Female | Qualification | Salary AED | Salary NRS. | Over time Allowance | Working Hrs./Day | Working days week | Yearly Holidays | Food | Accomodation | Contract Period |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Fuel Sales Attendant | 500 | - | Capable in related field | 1200 | 38163/- | as per company rule | 8 hours a day | 6 days a week | as per company rule | AED 300 (General Allowance) | AED 480 Housing Allowance | 2 years |
| 2. | C-Store Attendant | 350 | 100 | | 1200 | 38163/- | | | | | | | |
| 3. | Barista | 119 | 100 | | 1200 | 38163/- | | | | | | | |
| 4. | Lube Change Attendant | 79 | - | | 1200 | 38163/- | | | | | | | |

Monthly Salary will be Basic AED 1200, General Allowance AED 300 , Housing Allowance AED 480 & Cash handling AED 100 =Grand Total AED 2080.

फाइनल अर्न्तवार्ता कम्पनीको प्रतिनिधिबाट २०७७ माघ २८ गते बिर्तामोडस्थित होटल टाइमलेस मोमेन्टमा हुनेछ ।

**Leading Foreign Recruitment Pvt. Ltd.**
Kathmandu, Nepal,
सम्पर्क : ९८१५९९१००८, ९८०७९८१९१३, ९८४५१७११७७




**ज्यो. मधुसूदन रिजाल**
(स्वर्णपदक विजेता)
वैदिक ज्योतिष परामर्श केन्द्र
शनिश्चरे रोड, बिर्तामोड (९८४२०५७४९९)

**मेष (चु, चे, चो, ला, लि, लु, ले, लो, अ)** - अरूको फाइदाका लागि उपयोग भइनेछ भने आफ्ना लागि परिस्थिति प्रतिकूल रहनेछ । आफ्नैले धोका दिन सक्छन् ।

**बृष (इ, उ, ए, ओ, बा, बि, बु, बे, बो)** - हिस्सेदारसँग असमझदारी बढ्नाले पहिलेको सम्झौता भंग हुन सक्छ । बेसुरमा वचन दिने बानीले समस्या निम्त्याउला ।

**मिथुन (का, कि, कु, घ, ङ, छ, के, को, ह)** - ईर्ष्यालु मन भएकाहरूले काममा अवरोध पुर्‍याउन सक्छन् । आफ्ना सामानमा अरूले दाबी गर्लान् । परिस्थितिसँग सम्झौता गर्नुपर्ला ।

**कर्कट (हि, हु, हे, हो, डा, डि, डु, डे, डो)** - प्रयत्न गर्दा राम्रै अवसर पाइनेछ । साथीभाइले पनि सहयोग जुटाउनेछन् । पछिसम्म लाभ हुने काम प्रारम्भ हुनेछ ।

**सिंह (मा, मि, मु, मे, मो, टा, टि, टु, टे)** - भौतिक साधन जुट्नाले दिगो योजना प्रारम्भ होला । प्रतिस्पर्धीहरूले हार खानेछन् भने काममा मेहनतको फल प्राप्त हुनेछ ।

**कन्या (टो, प, पि, पु, ष, ण, ठ, पे, पो)** - व्यापारमा मनग्गे धनलाभ हुनेछ । सेवामूलक कामबाट प्रतिष्ठा पाइनेछ । चिताएका काममा बेलैमा योजना बनाएर प्रारम्भ गर्दा फाइदा हुनेछ ।

**तुला (र, रि, रु, रे, रो, ता, ति, तु, ते)** - आत्मविश्वासको कमीले पछि परिनेछ । बलजफ्ती गर्ने बानीले आफैंलाई अप्ठ्यारोमा पार्न सक्छ । ईर्ष्या गर्नेहरूबाट सजग रहनुहोला ।

**बृश्चिक (तो, ना, नि, नु, ने, नो, या, यि, यु)** - शुभचिन्तकहरूको भावनालाई बेवास्ता गर्दा पनि दुःख पाइनेछ । खर्च हुने डरले सताउन सक्छ । वादविवादबाट टाढा रहनुहोला ।

**धनु (ये, यो, भ, भि, भु, ध, फा, ढ, भे)** - आजको श्रमबाट पछिलाई फाइदा हुनेछ । आफ्ना सूचना सम्बन्धी गोपनीयतामा विशेष ध्यान पुर्‍याउनुहोला ।

**मकर (भो, ज, जि, खि, खु, खे, खो, गा, गि)** - विभिन्न अवसरले पछ्याए पनि समयमा निर्णय लिन नसक्दा पछि परिनेछ । खानपानको असावधानीले स्वास्थ्य बिग्रनेछ ।

**कुम्भ (गु, गे, गो, सा, सि, सु, से, सो, द)** - आफ्ना कमजोरीको फाइदा अरूले उठाउने चेष्टा गर्नेछन् । स्वार्थका लागि धाउनेहरूबाट सजग रहनुपर्ला ।

**मीन (दि, दु, थ, झ, ञ, दे, दो, च, चि)** - मुख्य भूमिका निर्वाह गरे पनि छायामा परिएला । आगन्तुकले अलमल्याउने हुँदा आँटेको काम पूरा हुँदैन ।